मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ७९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २१ गते बुधबार (Wednesday, 4 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## न्यूजिल्याण्ड र ग्रीस पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, माघ २०।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी न्यूजिल्याण्ड र ग्रीस पठाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३१ बस्ने धादिङ थार्के गाउँपालिका-७ घर भएका २४ वर्षीय अञ्जन भुजेल र काठमाडौं महानगरपालिका-२६ बस्ने सल्यान वनगाड कुपिण्डे नगरपालिका-४ घर भएका ३१ वर्षीय नवीन दमाई रहेका छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## ७७ जिल्लामा कांग्रेसका चुनावी कमाण्डर



**झापा, माघ २०।** नेपाली कांग्रेसले प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै केन्द्रीय प्रतिनिधि परिचालन गरेको छ ।

उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा रहेको केन्द्रीय निर्वाचन परिचालन समितिले देशभरका निर्वाचन क्षेत्र समेट्ने गरी केन्द्रीय सदस्य, पूर्वपदाधिकारी तथा निवर्तमान केन्द्रीय सदस्यहरूलाई जिम्मेवारी तोकेको हो ।

कांग्रेसले खटाएका केन्द्रीय प्रतिनिधिहरू निर्वाचन सम्पन्न नहुँदासम्म सम्बन्धित जिल्लामै बसेर संगठन सुदृढीकरण, उम्मेदवारको पक्षमा वातावरण निर्माण, कार्यकर्ताबीच समन्वय र स्थानीय तहका समस्या केन्द्रीय नेतृत्वसम्म पुऱ्याउने भूमिकामा रहनेछन् । पार्टीका अनुसार निर्वाचन अभियानलाई प्रभावकारी बनाउने उद्देश्यले अनुभवी नेताहरूलाई प्रदेशगत रूपमा परिचालन गरिएको छ । केन्द्रीय समितिको निर्णयअनुसार कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा प्रतिनिधि तोकिएका छन् ।

कोशी प्रदेशमा झापा, मोरङ, सुनसरीदेखि पहाडी र तराईका जिल्लासम्म अनुभवी नेताहरू खटाइएका छन् भने बागमती प्रदेशमा काठमाडौं उपत्यकासहित आसपासका जिल्लामा केन्द्रीय नेतृत्वको प्रत्यक्ष निगरानी रहने व्यवस्था गरिएको छ ।

त्यस्तै गण्डकी प्रदेशमा पर्वत, कास्की, स्याङ्जा, गोरखालगायतका जिल्लामा प्रतिनिधि खटाइँदा लुम्बिनी प्रदेशमा रुपन्देही, दाङ, बाँके, कपिलवस्तु र रोल्पाजस्ता रणनीतिक जिल्लामा विशेष ध्यान दिइएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका दुर्गम जिल्लामा समेत अनुभवी नेताहरूलाई जिम्मेवारी दिइएको कांग्रेसले जनाएको छ ।

पार्टीका अनुसार यसपटकको निर्वाचनमा संगठनात्मक कमजोरी दोहोरिन नदिन केन्द्रीय प्रतिनिधिलाई अधिकारसहित फिल्डमा पठाइएको हो । उनीहरूले स्थानीय पार्टी संरचना, उम्मेदवार र चुनावी अभियानबीच सेतुको काम गर्नेछन् । पार्टीले ताप्लेजुङ, इलाम, पाँचथर र झापाका लागि डा. डिला संग्रौला, भीष्मराज आङ्देम्वे, सुधिरकुमार शिवाकोटी, र सुरेश सुब्बालाई तोकेको छ ।

## ट्याक्टर खोलामा खस्दा महिलाको मृत्यु

**झापा, माघ २०।** झापाको गौरादह नगरपालिकामा ट्याक्टर दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ भने नौ जना घाइते भएका छन् ।

गौरादह नगरपालिका-४स्थित रामचन्द्रे खोलाको पुल नजिक भित्री सडकखण्डमा गौरादहबाट स्कूलचौनतर्फ जाँदै गरेको प्र.न.१-०१-००१ त ९७२० नम्बरको ट्याक्टर अनियन्त्रित भई पुलबाट खोलामा खस्दा दुर्घटना भएको हो । दुर्घटनामा ट्याक्टरमा सवार सबै यात्रु घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

घाइतेमध्ये मोरङको रतुवामाई-८की ३८ वर्षीया स्वस्तिका मर्डीको उपचारका क्रममा मृत्यु भएको छ । उनलाई दुर्घटनापछि निम्स अस्पताल दमक लगिएको थियो । अस्पताल पुऱ्याइएको केही समयमै चिकित्सकले मृत घोषणा गरेका थिए ।

दुर्घटनामा मोरङ रतुवामाई-८की ५० वर्षीया मुनीमती सतार, १५ वर्षीया सन्तोषी किस्कू, रतुवामाई-५ का ६० वर्षीय एतोबार मुर्मू, २३ वर्षीया बिनिता मर्डी, २० वर्षीया सरिता मर्डी, तीन वर्षीय गंगाराम मर्डी, आठ वर्षीया मेलिना मर्डी र मोरङ सुनबर्षी-२की ३० वर्षीया शिला मर्डी घाइते भएका छन् ।

दुर्घटनालगत्तै प्रहरी चौकी महारानीझोडा र इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । ट्याक्टर चालक मोरङ

*(बाँकी अन्तिम पृष्ठमा)*

## ब्राउन सुगरसहित तीन जना पक्राउ

**झापा, माघ २०।** झापाको भद्रपुर नगरपालिका-८स्थित भद्रपुर बिमानस्थलबाट ठूलो परिमाणको लागूऔषध ब्राउन सुगरसहित एक जना र सो कारोबारमा संलग्न दुई जनालाई काठमाडौंबाट प्रहरीले पक्राउ गरेको छ ।

माघ १९ गते साँझ विमानस्थल सुरक्षामा खटिएको प्रहरी टोलीले नियमित चेकजाँचका क्रममा भद्रपुरबाट काठमाडौं जान लागेकी हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिका-२की २६ वर्षीया रोशनी बुढालाई १४४ ग्राम ४ सय मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएको थियो ।

बुढालाई सोधपुछ तथा अनुसन्धान गर्दा लागूऔषध कारोबारमा अन्य व्यक्ति पनि संलग्न रहेको खुलेपछि लागूऔषध नियन्त्रण व्युरो काठमाडौंको टोलीले काठमाडौंको बुढानिलकण्ठ नगरपालिका-६बाट थप दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक पाँचपोखरी गाउँपालिका-६का ३० वर्षीय सन्तोष बज्जारा र रामेछाप दोरम्बा गाउँपालिका-५का २१ वर्षीय थोमस तामाङ रहेका छन् ।

ब्राउन सुगरसहित पक्राउ परेका तीनै जनाको विषयमा आवश्यक कानूनी प्रक्रिया अघि बढाउँदै थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ ।

झापा-५को चर्चामाथि एमाले नेताको टिप्पणी

# 'ओलीसँग भिडाएर बालेनलाई कमजोर बनाउने खेल'

**विराटनगर, माघ २०।** नेकपा (एमाले)का सचिव भानुभक्त ढकालले काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन शाह (बालेन्द्र)लाई झापाको क्षेत्र नम्बर-५मा पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग भिडाउनु आकस्मिक राजनीतिक घटनाक्रम नभई योजनाबद्ध रणनीतिक चाल हुनसक्ने दाबी गरेका छन् ।

यो कदम स्थापित राष्ट्रिय राजनीतिक नेतृत्वसँग ठोक्काएर बालेनलाई क्रमशः कमजोर बनाउने उद्देश्यबाट प्रेरित हुनसक्ने ढकालको आशंका छ । बिराटनगरमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा ढकालले बालेन शाहको राजनीतिक भविष्यलाई लिएर पछिल्लो समय देखिएको चर्चालाई गम्भीर रूपमा लिनुपर्ने बताए ।

उनका अनुसार बालेनजस्तो उदीयमान राजनीतिक व्यक्तित्वलाई ओलीजस्ता अनुभवी, सशक्त र संगठनात्मक रूपमा मजबुत नेतृत्वसँग प्रत्यक्ष भिडाउनु सामान्य संयोग होइन । 'बालेनलाई केपी ओलीसँग चुनाव भिडाउनु योजनाबद्ध राजनीतिक चाल हुनसक्छ'- ढकालले भने- 'स्थापित राष्ट्रिय नेतृत्वसँग ठोक्काएर उनलाई राजनीतिक रूपमा कमजोर पार्ने उद्देश्य यसभित्र लुकेको हुन सक्छ ।'

ढकालले बालेन शाहको निर्णयलाई व्यक्तिगत आकांक्षा वा स्वतन्त्र राजनीतिक चाहनाको सीमामा सीमित गरेर हेर्न नहुने तर्क गरे । उनका अनुसार बालेनलाई झापा-५मा लगेर ओलीसँग प्रतिस्पर्धा गराउने विषयमा बाहिरी मात्र नभएर आन्तरिक घेराभित्रकै रणनीति पनि हुनसक्छ ।

'बालेनलाई झापा लगेर ओलीसँग भिडाउनु कतै उनकै वरपरको घेराभित्रको रणनीति त होइन ?' ढकालले प्रश्न गरे । 'प्रधानमन्त्री तथा दलको नेता हुन नदिन बालेनलाई




यस्तो प्रतिस्पर्धामा लगेजस्तो देखिन्छ । तर, वास्तविकता के हो भने ओलीसँग चुनावी प्रतिस्पर्धा गराउनु भनेकै बालेनलाई राजनीतिक रूपमा कमजोर पार्नु हो'- उनले भने ।

ढकालले अहिले सामाजिक सञ्जाल, केही मिडिया र सार्वजनिक बहसमा देखिएको उत्साहलाई भावनामा आधारित राजनीतिक माहोल भएको दावी गरे । यस्तो माहोल दीर्घकालीन नहुने उनको ठोकुवा थियो । 'अहिले ज्वरो आएजस्तो देखिन्छ'- उनले भने- 'तर, समयसँगै ज्वरो आफैं घटेर जान्छ । भावनामा आधारित राजनीति टिकाउ हुँदैन ।' झापा-५मा देखिएको चुनावी चासो पनि अस्थायी भएको दावी गर्दै उनले अन्ततः राजनीतिक वातावरण यथार्थमा फर्किने बताए ।

ढकालका अनुसार अन्तिम निर्णायक तत्व भनेको संगठन, कार्यकर्ता र दीर्घकालीन जनआधार नै हो । उनले झापाको राजनीतिक इतिहास र वर्तमान संगठनात्मक अवस्थालाई उदाहरण दिँदै एमालेको पकड अझै बलियो रहेको बताए । भावनाले होइन, संगठनले चुनाव जितिन्छ ।

आगामी प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा ढकालले एमालेले स्पष्ट एकल बहुमत ल्याउने दाबी गरे । पार्टीको देशव्यापी सांगठनिक संरचना, अनुशासित कार्यकर्ता पंक्ति र परम्परागत जनसमर्थनका कारण एमाले आगामी निर्वाचनपछि पहिलो दल बन्ने उनको भनाइ थियो । उनले पछिल्ला वर्षहरूमा उदाएका नयाँ राजनीतिक शक्तिहरूलाई अस्थायी लहरको संज्ञा दिँदै ती शक्तिहरू सामाजिक सञ्जाल र केही मिडियामा देखिएको चर्चामै सीमित रहने दाबी गरे ।

'नयाँ दलहरूको चर्चा धेरै देखिन्छ'- ढकालले भने-तर, त्यसको दीर्घकालीन आधार छैन । स्थापित दलहरूप्रतिको जनसमर्थन अझै मजबुत छ । उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत नयाँ दलहरूको बढ्दो लोकप्रियतालाई 'खहरेको बाढी' सँग तुलना गरे । '२-४ दिन ठूलो बाढी आएजस्तो देखिन्छ'- उनले भने- 'तर, त्यसको निरन्तरता हुँदैन । यो अस्थायी लहर मात्रै हो । नेपाली जनताको राजनीतिक विश्वास र विरासत स्थापित दलहरूसँग नै जोडिएको छ ।'

ढकालले विगतमा बनेका विपक्षी गठबन्धनहरूको प्रभाव क्रमशः कमजोर बन्दै गएको पनि बताए । उनका अनुसार गठबन्धनभित्र देखिएको असन्तुलन, स्वार्थको टकराव र आन्तरिक द्वन्द्वका कारण प्रत्यक्ष निर्वाचनमा एमालेका लागि अनुकूल अवस्था तयार भएको छ । 'गठबन्धनको राजनीति टिकाउ हुन सकेन'- उनले भने- 'पार्टी संगठन बलियो भएकाले आगामी निर्वाचनपछि एमालेले एकल बहुमतको सरकार गठन गर्ने अवस्था बनिरहेको छ ।'

पत्रकार सम्मेलनमा ढकालले नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एमाले

*(बाँकी अन्तिम पृष्ठमा)*

## काठमाडौं र झापाका सुकुम्वासी बस्तीको प्रकृति फरकः बालेन



**झापा, माघ २०।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता एवम् प्रधानमन्त्रीका उम्मेदवार बालेन्द्र शाह 'बालेन'ले काठमाडौं र झापाका सुकुम्वासी बस्तीको प्रकृति फरक-फरक रहेको बताएका छन् ।

झापा-५स्थित सुकुम्वासी बस्तीमा मंगलबार आयोजित छलफलका क्रममा स्थानीयले जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) नपाएको गुनासो राखेपछि नेता शाहले सुकुम्वासी समस्या मानवीय र कानूनी दुवै दृष्टिकोणबाट समाधान गर्नुपर्ने बताए । उनले काठमाडौंका खोला किनारमा रहेका जोखिमपूर्ण बस्ती र झापाका पुराना तथा पुस्तौंदेखि बसोबास हुँदै आएका बस्तीलाई एउटै मापदण्डमा राख्न नहुने बताए ।

वास्तविक सुकुम्वासीलाई अन्याय हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै नेता शाहले सुकुम्वासीको

*(बाँकी अन्तिम पृष्ठमा)*

## मैनाली र कार्की रास्वपामा प्रवेश, कार्कीलाई निलम्बन



**झापा, माघ २०।** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको साथ छाड्ने नेताहरूको संख्या बढ्दै गएको छ । झापा क्षेत्र नम्बर-५मा देखिएको राजनीतिक हलचलबीच एमालेका युवा नेताहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तर्फ खुलेर देखिन थालेका छन् ।

नेकपा एमालेका युवा नेता तथा बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान महासचिव अर्जुन मैनाली एमाले परित्याग गर्दै रास्वपामा प्रवेश गरेका छन् । मैनालीले सामाजिक सञ्जालमार्फत रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' तथा स्थानीय नेताहरूसँगको तस्वीर सार्वजनिक गर्दै पार्टी परित्यागको घोषणा गरेका हुन् ।

उनले सार्वजनिक गरेको वक्तव्यमा २०८२ साल माघ २० गतेदेखि नेकपा एमाले परित्याग गरेको उल्लेख गर्दै एमालेमा रहँदा सहयोग गर्ने नेतागण, सहयात्री तथा शुभेच्छुकहरूप्रति आभार व्यक्त गरेका छन् । साथै, आजकै मितिदेखि आफू राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध भएको जानकारी दिँदै उनले 'जय घण्टी' लेखेर नयाँ राजनीतिक यात्राको औपचारिक घोषणा गरेका छन् । एमालेबाट रास्वपामा मैनालीको प्रवेशलाई बिर्तामोडको राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ । पछिल्लो समय युवापुस्ताको आकर्षण

*(बाँकी अन्तिम पृष्ठमा)*

## डोमालालको योगदान स्मरण गर्दै झापा गोल्डकप

**झापा, माघ २०।** झापाको खेलकुद इतिहाससँग जोडिएका जग्गादाता डोमालाल राजवंशीको योगदानलाई सार्वजनिक रूपमा स्मरण गर्ने तयारी गरिएको छ ।


सातौं झापा गोल्डकपको उद्घाटन समारोहका अवसरमा डोमालाल राजवंशी रंगशालामा उनको अर्धकदको शालिक अनावरण गरिने भएको हो । करिब दुई वर्षदेखि गोल्डकप सचिवालयमा राखिएको शालिक माघ २४ गते उद्घाटन समारोहकै दिन सार्वजनिक गरिने आयोजकले जनाएको छ । तत्कालीन गोल्डकप अध्यक्ष स्वर्गीय बिनोद बस्नेतको पहलमा भारतमा निर्माण गराइ ल्याइएको शालिक बस्नेतको निधनका कारण स्थापित हुन नसकी अलपत्र अवस्थामा थियो ।

शालिक स्थापना र डोमालाल राजवंशीकी विपन्न छोरी सम्पत्ति राजवंशीको आवास निर्माणसम्बन्धी योजनाअघि नबढ्दा राजवंशी समुदायले असन्तुष्टि व्यक्त गर्दै आएको थियो । सोही विषयलाई लिएर सोमबार झापा गोल्डकप समितिका पदाधिकारी, सञ्चारकर्मी तथा राजवंशी समुदायका प्रतिनिधिबीच छलफल भएको थियो । छलफलमा सोही विषयमा गोल्डकपका अध्यक्ष केदार गिरी, वरिष्ठ उपाध्यक्ष गजेन्द्रबहादुर पौडेल, प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशी, राजवंशी समाज विकास समिति बिर्तामोडका अध्यक्ष सुमन राजवंशी, मोरङका जिल्ला सचिव रुपेश राजवंशीसहितको सहभागितामा छलफल भएको थियो ।

### माघ २४ गते शालिक अनावरण

छलफलमा जग्गा विवादका कारण रंगशाला स्थानान्तरणको सम्भावना रहेकाले स्थायी संरचना तत्काल बनाउन कठिन भएको निष्कर्ष निकालिएको छ । त्यसैले हालका लागि अस्थायी रूपमा शालिक अनावरण गरी समुदायको भावनालाई सम्बोधन गर्ने सहमति भएको बताइएको छ । शालिक उद्घाटन समारोह स्थलको मञ्च अगाडिपट्टि राखिनेछ ।

गोल्डकप अध्यक्ष गिरीले जग्गाको टुंगो लागेपछि शालिकलाई स्थायी र दीगो रूपमा पुनःस्थापना गरिने बताएका छन् । उनले अस्थायी रूपमा राख्दा



पछि भत्काउनुपर्ने अवस्था नआओस् भन्ने चिन्ताका कारण यसअघि शालिक स्थापनामा ढिलाइ भएको स्पष्ट पारेका थिए ।

त्यस्तै, पूर्वअध्यक्ष स्वर्गीय बस्नेतको योजना अनुसार गोल्डकप सकिएपछि डोमालाल राजवंशीकी छोरी सम्पत्तिको घर निर्माण कार्यलाई अघि बढाइने अध्यक्ष गिरीले बताए । बस्नेतले सामाजिक सञ्जालमार्फत शुरु गरेको आर्थिक संकलन अभियानलाई निरन्तरता दिने तयारी गरिएको छ । जग्गादाता राजवंशी परिवारको घर बनाउनका लागि अध्यक्ष बस्नेत स्वयम्ले ५१ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए । त्यसपछि त्यस मानवीय कामका लागि अन्य धेरै सहयोगी मनहरुले स्वतःस्फूर्त सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

डोमालाल राजवंशीकी छोरीको घरको लागि दाताहरुले १० लाखभन्दा बढी सहयोग गर्ने बचन दिएका थिए । बस्नेतकै पहलमा छैटौं गोल्डकपको उद्घाटनका दिन डोमालालको परिवारलाई एक लाख रुपैयाँ सहयोग गरिएको थियो । यस वर्ष २५ हजार रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरिएकोमा त्यसमा थप्ने प्रयास भइरहेको अध्यक्ष गिरीले जानकारी दिए ।

डोमालाल राजवंशीले करिब १३ बिगाह जग्गा दान दिएका थिए । हाल उनकी छोरी सम्पत्ति तथा

*(बाँकी अन्तिम पृष्ठमा)*

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I

Web: birtamodeeyehospital.org

## मेची क्राउनमा बसेका भारतीय नागरिकको मृत्यु



**झापा, माघ २०।** मेचीनगर-८ धुलाबारीस्थित होटल मेची क्राउनमा बस्दै आएका एक भारतीय नागरिकको उपचारका क्रममा मृत्यु भएको छ।

भारत पश्चिम बंगाल राज्यको उत्तर दिनाजपुर जिल्लाका ५६ वर्षीय माफिजुद्दिन सरकार मंगलबार बिहान होटलमै अचानक अस्वस्थ भएका थिए। उनी श्रीमती ४६ वर्षीया डिलोरा बीबीसँग होटलमा बसिरहेका थिए।

स्वास्थ्य अवस्था गम्भीर बन्दै गएपछि श्रीमतीले बिहान करिब ११ बजे उनलाई धुलाबारीस्थित शिखर अस्पताल पुर्‍याएकी थिइन्। तर, त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि बीएण्डसी अस्पताल लैजाँदा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

प्रहरीका अनुसार मृतकको शव आवश्यक कानूनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ। घटनाको कारण खुल्न बाँकी रहेको जनाउँदै प्रहरीले थप अनुसन्धान भइरहेको जनाएको छ।

## होलसेल पसल तथा होटलहरूको अनुगमन

**पथरीशनिश्चरे, माघ २०।** मोरङको पथरी शनिश्चरे नगरपालिकाको अनुगमन टोलीले होलसेल पसल तथा होटलहरूको अनुगमन गरेको छ।

उप-प्रमुख तथा अनुगमन समितिकी संयोजक देवीमाया काफ्लेको संयोजकत्वमा नगरपालिकाभित्र सञ्चालनमा रहेका किराना होलसेल पसल र होटलहरूको मंगलवार अनुगमन गरिएको हो। अनुगमनका क्रममा एक्सपायरी मिति नछुट्याइएका, म्याद रहेका र म्याद गुज्रेका खाद्य सामग्रीहरू एकै स्थानमा भण्डारण गरी बिक्री कक्षमै राखिएको पाइएकाले आगामी दिनमा यस्तो नगर्न व्यवसायीहरूलाई सचेत गराइएको छ।

अनुगमनका क्रममा फेलापरेका म्याद गुज्रेका खाद्य सामग्रीहरू तत्काल नष्ट गरिएको थियो। साथै, पसल तथा होटलहरू दर्ता तथा नवीकरण भए-नभएको विषयमा पनि जाँच गरिएको थियो। अनुगमन टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगरका प्रकृति वस्ती र दृश्य ढकाल, नगर अनुगमन समितिका सदस्य तथा कार्यपालिका सदस्य अञ्जना दर्जी, नगरको निरीक्षण अधिकृत एकराज खत्री, राजश्व शाखा प्रमुख तारा ढकाल, नगर प्रहरी प्रमुख योगेन्द्र श्रेष्ठ तथा प्रहरीहरूको उपस्थिति रहेको थियो।

## मोरङमा आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारमाथि निगरानी

**मोरङ, माघ २०।** निर्वाचन नजिकिँदै गर्दा मोरङमा निर्वाचन आचारसंहिता उल्लंघनका घटनाहरू बढ्न थालेपछि प्रशासनले आफ्नो सक्रियता बढाएको छ।

जिल्ला निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको कार्यालयले आचारसंहिता उल्लंघन गर्ने विभिन्न दलका उम्मेदवारहरूलाई सचेत गराउँदै स्पष्टीकरण सोध्ने तयारी गरेको हो।



सहायक प्रमुख जिल्ला अधिकारी एवम् अनुगमन अधिकृत सरोज कोइरालाका अनुसार, मोरङका विभिन्न निर्वाचन क्षेत्रबाट आचारसंहिता विपरीतका गतिविधि भइरहेको गुनासो प्राप्त भएको छ। विशेषगरी क्षेत्र नम्बर २, ३ र ४ बाट व्यापक गुनासो आएपछि प्रशासनले सम्बन्धित उम्मेदवारहरूलाई गल्ती सच्याउन निर्देशन दिएको छ। अनुगमनका क्रममा चोक-चोकमा झण्डा गाड्ने, होर्डिङ बोर्ड राख्ने, पर्चा बाँड्ने र राति-राति भेला गर्ने जस्ता कार्यहरू भइरहेको पाइएकाले त्यसो नगर्न निर्देशन दिएको उनले बताए।

अहिलेसम्म प्राप्त सूचना अनुसार, क्षेत्र नम्बर २मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारले चोकमा झण्डा गाडेको, क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका सुनिल शर्माले सहयोगको प्रतिबद्धता जनाएको र क्षेत्र नम्बर ४ मा अमनलाल मोदीले राति भेला गरेर भोज खुवाएको आयोगमा उजुरी परेको थियो। त्यस्तै क्षेत्र नम्बर ६मा राप्रपाका नेताले होर्डिङ बोर्ड र पर्चा वितरण गरेको उजुरी परेको छ।

प्रशासनले अहिले 'करेक्टिभ वे' (सुधारात्मक बाटो)बाट अघि बढ्दै उम्मेदवारहरूलाई सचेत गराइरहेको र अटेर गरेमा लिखित रूपमै स्पष्टीकरण सोधी कानूनी प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ।

त्यस्तै निर्वाचन आयोगले सामाजिक सञ्जाल र अनलाइन माध्यमहरूबाट मतदाताको गोपनीयता भङ्ग गर्ने कार्य भइरहेको भन्दै त्यस्ता गतिविधि तत्काल रोक्न प्रशासनले निर्देशन दिएको छ।

मोरङ जिल्लास्थित निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको कार्यालयले सार्वजनिक सूचना जारी गर्दै फेसबुक, युट्युब र विभिन्न अनलाइन सञ्चार माध्यमहरूलाई सचेत गराएको हो।

पछिल्लो समय केही सञ्चार माध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले सर्वसाधारणलाई 'कुन दल वा उम्मेदवारलाई भोट हाल्नुहुन्छ' भनी प्रश्न सोध्ने र त्यसलाई सार्वजनिक गर्ने गरेको पाइएको छ। यस्तो कार्यले मतदाताको व्यक्तिगत गोपनीयताको हक हनन हुने आयोगको ठहर छ। निर्वाचन आचारसंहिता, २०७९को दफा ४ (द) अनुसार यसरी मतदानको प्राथमिकता सोध्नु वा सार्वजनिक गर्नु आचारसंहिताको गम्भीर उल्लंघन हो।

सहायक प्रमुख जिल्ला अधिकारी एवम् अनुगमन अधिकृत सरोज कोइरालाद्वारा जारी सूचनामा अब उपरान्त कसैले यस प्रकारको कार्य गरेमा प्रचलित कानून बमोजिम कडा कारबाहीको प्रक्रिया अगाडि बढाइने उल्लेख गरिएको छ। निर्वाचनलाई मर्यादित र भयरहीत बनाउनका लागि सबै पक्षलाई निर्वाचन कानूनको पूर्ण पालना गर्न समेत आयोगले आग्रह गरेको छ।

## परिवर्तन फिल्मको कमाइ ३१ लाख




अघिल्लो साता प्रदर्शनमा आएको एक्सनप्रधान फिल्म 'परिवर्तन' छायांकनकै बेलादेखि कलाकारको पारिश्रमिकका कारण चर्चामा थियो।

यो फिल्ममा सर्वाधिक पारिश्रमिक अभिनेत्री अञ्जना बराइलीले लिएको बताइन्छ। बजारमा चलेको चर्चा अनुसार उनले यसमा २० लाख पारिश्रमिक बुझेकी छन्। र, अभिनेता सुशील श्रेष्ठले १६ लाख पारिश्रमिक लिएको स्रोतको दाबी छ।

अञ्जना र सुशीललाई मात्र ३६ लाख पारिश्रमिक तिरेका निर्माताले फिल्मबाट भने १० लाख पनि नपाउने देखिएको छ।

सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस विवरणमा फिल्मले ९ दिनको अवधिमा ३१ लाख ९ हजार ९२५ रुपैयाँ ग्रस कमाएको उल्लेख छ। यसबाट हलको शेयर, कर र वितरकको कमिशन कटाएर आउँदा निर्माताको हातमा १० लाख पनि पर्दैन।

बोर्डले 'परिवर्तन' सहित माघ १ गते अर्थात् माघे संक्रान्तिमा प्रदर्शन भएका तीन फिल्म 'मिरमिरे', 'भाइरल गोर्खे' र 'गोबर गणेश'को पनि बक्स अफिस विवरण सार्वजनिक गरेको छ। यसमध्ये 'गोबर गणेश' व्यापारमा निकै अगाडि देखिन्छ। यसले माघ १७ गते शनिबारसम्म ४८ हजार ५३ वटा टिकट बिक्री गर्दै १ करोड ३६ लाख २० हजार ८३६ रुपैयाँ ग्रस कमाएको छ।

'भाइरल गोर्खे' र 'मिरमिरे'को कमाइ भने ४० लाख पनि कटेको छैन। सौगात मल्ल अभिनीत 'भाइरल गोर्खे'ले ११ हजार २९८ वटा टिकट बिक्रीबापत ३६ लाख १० हजार ९२५ रुपैयाँ ग्रस कमाइ गरेको छ भने दयाहाङ राई र प्रकाश सपूत अभिनीत 'मिरमिरे'ले १० हजार ८८४ वटा टिकट बिक्री गर्दै ३३ लाख ९३ हजार ७२५ रुपैयाँ ग्रस कमाएको छ।

यसैगरी, बोर्डको बक्स अफिस तथ्यांक अनुसार 'परान'ले १७ करोड ८४ लाख ४७ हजार ५७६ रुपैयाँ र 'झरीपछिको इन्द्रेणी'ले १ करोड २८ लाख ५२ हजार ३१९ रुपैयाँ ग्रस कमाएका छन्। 'परान' यस वर्षको सबैभन्दा बढी कमाइ गर्ने फिल्म बनिसकेको छ। र, यो नेपाली फिल्मको इतिहासमै सर्वाधिक कमाउने चौथौ फिल्म समेत बनेको छ।

## श्रीमतीको हत्यापछि आत्महत्या

**सुनसरी, माघ २०।** मोरङको रंगेलीमा मंगलबार बिहान एक दम्पतीको दु:खद् निधन भएको छ।

घरेलु विवादका क्रममा श्रीमान्‌द्वारा पत्नीको ज्यान गएपछि उनले आफ्नै जीवन समेत अन्त्य गरेका छन्। मोरङ प्रहरीका अनुसार रंगेली नगरपालिका-५बहुवनका अन्दाजी २१ वर्षीय मुकेशकुमार मण्डल सोमबार बेलुका रंगेली-५ धनपट्टीस्थित ससुराली घर पुगेका थिए। मंगलबार बिहान करिब २:४५ बजेतिर दम्पतीबीच विवाद भएको र सोही क्रममा अन्दाजी २१ वर्षीया अम्बिकाकुमारी मण्डलको मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

प्रहरीका डीएसपी लीलाराज लामिछानेका अनुसार घटनापछि मुकेशकुमारको पनि घटनास्थलमै निधन भएको हो। घटनाको वास्तविक कारण र परिस्थितिबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सडक जाम गरेर सभा गर्न खोज्दा..

**काठमाडौं, माघ २०।** जिल्ला प्रहरी कार्यालय चितवनले सडक जाम गरेर सभा गर्न खोज्ने तीन जनालाई पक्राउ गरेको छ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले मंगलवार चितवनको चौबीसकोठीमा सडकमै सभा गर्न खोजेपछि प्रहरीले पक्राउ गरेको हो। महाअभियानको सडक सभा अन्तर्गत केन्द्रीय संयोजक दुर्गा प्रसाईले सम्बोधन गर्ने कार्यक्रम तय भएको थियो। चौबीसकोठीमा सडकमै गाडी रोकेर सभा गर्न खोज्दा प्रहरी र सभामा सहभागी हुन आएकाबीच केही समय चर्काचर्की परेको थियो।

महाअभियानलाई स्थानीय प्रशासनले हाकिमचोकको केन्द्रीय बस टर्मिनलमा कार्यक्रम गर्ने स्थान तय गरेको भए पनि अभियानका सदस्यहरुले बल प्रयोग गरेर चौबीसकोठीमा कार्यक्रम गर्न लागेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक गोविन्द पुरीले बताए।

## मैनाली ...

रास्वपातर्फ बढिरहेको देखिएको छ।

यसैबीच नेपाली कांग्रेसका जिल्ला सदस्य बलराम कार्की पनि पार्टी परित्याग गर्दै रास्वपामा प्रवेश गरेका छन्। बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्षसमेत रहेका कार्कीले कांग्रेस पार्टीका सबै जिम्मेवारीबाट राजीनामा दिएको र आजकै मितिदेखि साधारण सदस्यसमेत नरहेको घोषणा गरेका हुन्।

आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी तीव्र भइरहेका बेला झापामा एमाले र कांग्रेसका प्रभावशाली नेताहरू रास्वपातर्फ प्रवेश गर्ने क्रम बढ्दै गएको छ। सोमवार साँझ झापा आएका रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहलाई भेट्नेको लर्को लाग्न थालेको छ भने समर्थकहरूले भावी प्रधानमन्त्रीको रूपमा शुभकामना दिइरहेका दृश्यसमेत देखिन थालेका छन्। स्थानीय तहमा प्रभाव राख्ने नेताहरूको पार्टी परिवर्तनसँगै झापाको चुनावी सरगर्मी थप बढेको छ।

**कार्की निलम्बन**

नेपाली कांग्रेस झापाले पार्टीका आमन्त्रित जिल्ला सदस्य बिर्तामोड-१ निवासी बलराम कार्कीलाई साधारण सदस्य समेत नरहने गरी निलम्बन गरेको छ।

नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति शेरबहादुर भट्टराईले बुधवार एक विज्ञप्ति जारी गर्दै कारबाही गरिएको जानकारी दिए। 'केही समय अघिदेखि पार्टीहित विपरित कार्य गर्दै आएकोमा पटक-पटक सच्चिन मौका प्रदान गर्दा समेत आचारणमा सुधार नगरी पार्टी हित विपरीतका गतिविधिमा निरन्तर संलग्न हुँदै आएको पाइएकोले नेपाली कांग्रेसको साधारण सदस्य समेत नरहने गरी आजकै मितिबाट निष्काशनको कारबाही गरिएको छ'- पार्टीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

कार्कीले पार्टीको तर्फबाट प्रतिनिधित्व गरेका सबै निकाय र संस्थाहरुबाट समेत प्रतिनिधित्व खारेज गरिएको विज्ञप्तिमा उल्लेख छ। साथै अब उप्रान्त उनले गरेका कुनै पनि गतिविधिको पार्टी जवाफदेही नहुने बिज्ञप्तिमा स्पष्ट पारिएको छ।

यता वडा नम्वर १ले समेत आर्थिक तथा अपचलन गरेको भन्दै कारवाही गरिएको जनाएको छ। पार्टीका वडा सभापति रघुनाथ सापकोटा र सचिव वसन्त आचार्यले बिज्ञप्ति जारी गर्दै यस्तो आरोप लगाएका हुन्।

## ओलीसंग ..

अध्यक्ष ओलीबीच हालै भएको फोन संवादबारे पनि टिप्पणी गरे। उनले यसलाई सामान्य राजनीतिक प्रक्रिया भन्दै नेतृत्व तहमा संवाद हुनु स्वाभाविक भएको बताए। 'राजनीतिमा संवाद हुनु अस्वाभाविक होइन'- उनले भने- 'यसलाई अनावश्यक रूपमा अर्थ्याइरहनुपर्दैन।'

ढकाल २०७४ र २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा मोरङ क्षेत्र नम्बर-३ बाट एमालेका उम्मेदवार बनेका थिए। २०७४ सालमा नेपाली कांग्रेसका डा. सुनील शर्मालाई पराजित गर्दै प्रतिनिधिसभा सदस्य निर्वाचित भएका ढकाल २०७९ सालमा भने सोही क्षेत्रमा शर्मासँगै पराजित भएका थिए। त्यसपछि मोरङ-३ आफ्ना लागि असुरक्षित रहेको देखेर यसपटक तेह्रथुमबाट उनी उम्मेदवार बनेका छन्।

मोरङ-३ मा यसपटक एमालेले इरान राईलाई उम्मेदवार बनाएको छ। त्यहाँ एमालेको जित सुनिश्चित रहेको दाबी पनि ढकालले गरे। 'मोरङ-३ मा पार्टीको संगठन बलियो छ'- उनले भने- 'राईको जित सुनिश्चित छ।' कांग्रेसबाट पुनः डा. शर्मा नै उम्मेदवार भए पनि जनमत एमालेको पक्षमा रहेको उनको दावी थियो।

ढकालले आगामी निर्वाचन भावनात्मक बहस, क्षणिक लोकप्रियता र सामाजिक सञ्जालको हल्लाभन्दा पनि संगठन, अनुभव र स्थायित्वले नै निर्धारण गर्ने निष्कर्ष सुनाए। 'राजनीतिमा दीर्घकालीन सोच र संरचना आवश्यक हुन्छ'- उनले भने- 'एमालेले स्पष्ट बहुमतसहित सरकार गठन गर्ने आधार तयार भइसकेको छ।' पत्रकार सम्मेलनमा एमाले केन्द्रीय सदस्य पर्शुराम बस्नेत, एमाले कोशी प्रदेशका प्रचार तथा प्रकाशन विभाग प्रमुख लक्ष्मण तिवारीलगायतका नेताहरु उपस्थित थिए।

## काठमाडौं ...

नाममा राजनीति गर्ने प्रवृत्तिको आलोचना गरे। पहुँचका आधारमा सीमित व्यक्तिले मात्र पुर्जा पाउने अभ्यास अन्त्य हुनुपर्ने उनको भनाइ थियो।

कसैलाई पनि विस्थापन गर्नुअघि राज्यले वैकल्पिक व्यवस्था, सुरक्षित बसोबास र जीविकोपार्जनको सुनिश्चितता गर्नुपर्नेमा जोड दिँदै उनले जबर्जस्ती हटाउनेभन्दा पनि व्यवस्थित पुन:स्थापनालाई प्राथमिकता दिनुपर्ने बताए। नेता शाहले आगामी दिनमा भूमि आयोगलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी बनाई वास्तविक पीडितले मात्र जग्गाधनी पुर्जा पाउने व्यवस्था मिलाइने आश्वासन समेत दिए।

## न्युजिल्याण्ड ...

पक्राउमध्ये अञ्जनले न्यूजिल्याण्ड पठाइदिन्छु भन्दै पाँच जनाबाट १७ लाख १० हजार रुपैयाँ र नवीनले ग्रीस पठाइदिन्छु भन्दै २ जनाबाट २ लाख ६० हजार रुपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले अञ्जनलाई काठमाडौं महानगरपालिका-३१ बाट र नवीनलाई काठमाडौं महानगरपालिका-३२ बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## ट्याक्टर ...

रतुवामाई-५का २५ वर्षीय चमलाल मुर्मूलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ।

अन्य घाइतेहरूलाई अस्पताल ल्याउने क्रम जारी रहेको र घटनाबारे थप विवरण आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए।

## डोमालालको ...

नातिहरू भीम र छवि राजवंशी रंगशालाको पश्चिमपट्टि झुप्रोमा बसोबास गर्दै मजदुरी गरेर जीवनयापन गरिरहेका छन्। आयोजकका अनुसार दाताको योगदान र परिवारको पीडालाई केन्द्रमा राखेर मानवीय दायित्व पूरा गर्ने प्रयास जारी रहनेछ।

## म्यानपावरहरूमा छापा

**बिर्तामोड, माघ २०।** झापाको बिर्तामोडमा सञ्चालित म्यानपावरहरूमा छापा मारेर ९ वटा पासपोर्ट जफत गरिएको छ।

वैदेशिक रोजगारीको सेवा प्रवाह गर्ने नाममा म्यानपावरहरूबाटै ठगिने क्रम बढेको र कानूनी प्रक्रिया पूरा नगरी सञ्चालन गरेको म्यानपावरहरूमा जिल्ला प्रशासन कार्यालय र श्रम कार्यालय भद्रपुरले संयुक्त रुपमा अनुगमन गरेको थियो।

झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंको नेतृत्वमा गएको टोलीले तीन वटा म्यानपावरको अनुगमन गरेको हो।

टोलीले वीरेन्द्र थापाले सञ्चालन गरेको अलमाइटी इन्टरनेशनल म्यानपावरको शाखा कार्यालयबाट ९ वटा पासपोर्ट जफत गरेको छ। त्यस्तै चन्द्रप्रसाद पौडेलले सञ्चालन गरेको लुम्बिनी दर्शन र भीम विष्टले सञ्चालन गरेको स्क्यान म्यानपावरको अनुगमन गरेको जनाइएको छ।

यी म्यानपावरहरूले शाखा नवीकरण नगरेको पाइएकोले नवीकरण गरेको प्रमाण पेश गर्न निर्देशन दिइएको छ। नवीकरण नगरी वैदेशिक रोजगारीमा पठाउन नमिल्ने कानूनी प्रावधान भए पनि बिर्तामोडमा सञ्चालित अधिकांश म्यानपावरहरूले आफूखुशी काम गर्दै आएको जनाइएको छ।


## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८२/१०/२१**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/सञ्चालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/सञ्चालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखी पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्नेतर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| | | |
|---|---|---|
| **शाखा कार्यालय :** इटहरी | | **कर्जाको शीर्षक :** व्यक्तिगत आवधिक कर्जा र सवारी साधन कर्जा |
| **ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण** | | |
| **ऋणी/धितोजमानतकर्ता :** बौधमान पौडेलको नाती कृष्ण बहादुर पौडेलको छोरा, नागरिकता बमोजिम, धनकुटा जिल्ला, महालक्ष्मी न.पा. वडा नं १, स्थायी ठेगाना भई हाल मोरङ जिल्ला सुन्दरहरैंचा न.पा वडा नं ५, बस्ने मिति २०६३/१०/२५ मा जिल्ला प्रशासन कार्यालय धनकुटाबाट जारी गरिएको ना.प्र.नं. ०७३०३६/१२३ भएको बर्ष ३७को खेम बहादुर पौडेल। | | |
| **धितो सुरक्षणको विवरण :** | | **ब्यक्तिगत जमानीकर्ता:** |
| खेम बहादुर पौडेलको नाममा भुमिसुधार तथा मालपोत कार्यालय बेलबारीमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ८ स्थित कि.नं.२७५७ को क्षेत्रफल ०-०-७-३ (वि.क.धु) भएको जग्गा र सो जग्गामा चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | **सवारी साधनको विवरण:**<br>**उत्पादक कम्पनीको नाम:** BHARATBENZ<br>सवारी साधन मोडेल : 2523C 64CHS<br>सवारी दर्ता नं. प्र.१-०१-००१ख-३६४८<br>ईन्जिन नं. 400950D0070479<br>चेसिस नं.:: EC2411BJJP070680<br>बनेको साल: २०१८<br>सि.सि.:६३७३<br>बनेको मूलुक: भारत<br>पेट्रोल/डिजेल: डिजेल | ब्यक्तिगतजमानतकर्ता<br>नाम :- अनुपा दंगाल<br>बाबू :- शरण प्रसाद दंगाल<br>पति :- खेम बहादुर पौडेल<br>ना.प्र.नं: ०६३००५/२१३४, (२०६३/११/२४, सुनसरी)<br>ठेगाना : सुनसरी जिल्ला, ईटहरी गा.वि.स/उ.म.न.पा. वडा नं. २ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा.वडा नं. ५ बस्ने। |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa | 023-533564 | 534010 | info@edb.com.np | www.edb.com.np

**कर्जा असुली विभाग**



## वरिष्ठ मुटु रोग विशेषज्ञ



**DR. RAJESH KUMAR PANJIYAR**
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

**प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट**

**उपचार हुने रोगहरू**
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४



## अस्थायी तथा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति २०८२।१०।२१ गते)**

बिगत १३ वर्षदेखि आफ्ना सदस्यहरुको लागि वित्तीय सेवामा समर्पित यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५ झापाको मुख्य कार्यालय तथा अर्जुनधारा सेवाकेन्द्रका लागि तपशिल बमोजिम कर्मचारी आवश्यक भएको हुनाले इच्छुक योग्यता पुगेका व्यक्तिहरुले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

| क्र.स. | विज्ञापन नं. | पद/श्रेणी/तह | संख्या | न्यूनतम शैक्षिक योग्यता / अनुभव |
|---|---|---|---|---|
| १. | ४-०८२/०८३ | लेखा सहायक (चौथो/पाँचौं) | करार २ | स्नातक उत्तीर्ण वा २ वर्षसम्मको अनुभव भएमा प्रविणता तह उत्तीर्ण। बेसिक कम्प्युटर ज्ञान (MS Word, Excel,Powerpoint) तथा मोटरसाइकल वा स्कुटी लाइसेन्स भएकोलाई विशेष प्राथमिकता। |

**तलब:** आपसी समझदारी तथा संस्थाको नियम अनुसार
**अन्य सुविधा:** सामाजिक सुरक्षा कोष, उपदान, दुर्घटना बिमा, कर्मचारी बोनस, पर्व भत्ता, पोशाक भत्ता आदि।
**दरखास्त दिने अन्तिम मिति:** २०८२।१०।२८ गते बुधबार कार्यालय समयसम्म
**दरखास्त शुल्क :** रु. ५००।-
**परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक, अन्तर्वाता (पाठ्यक्रम संस्थाको वेबवसाईटमा राखिएको छ।)
**परीक्षा हुने मिति:** २०८२।११।०२ गते शनिबार **स्थान :** आबद्ध साकोसको मुख्य कार्यालय
**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** बायोडाटा, हस्तलिखित निवेदन, नागरिकताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि

**पदपूर्ति समिति**
**आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.**
०२३-५३५३९५, ०२३-४६५०८२, ९८०१४०९९९०
Website: www.aabaddha.coop.np,
aabaddhacoop@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## बसपार्क विवादको हल गर

**बिर्तामोड बसपार्कभित्र उम्मेदवारलाई प्रवेश निषेध गरेको घटना अहिले झापामा चर्चाको विषय बनिएको छ । अर्जुनधारा नगरपालिकाको वडा नं. ११ मा रहेको बसपार्क क्षेत्रमा आठ सयभन्दा बढी घरहरु छन् । तत्कालीन चिया बगान क्षेत्र प्रक्रिया पूरा गरी स्थानान्तरण गरेपछि उक्त क्षेत्रमा बसपार्क लगायत मानवबस्ती, शिक्षण संस्था समेत रहेका छन् । विगतमा नाज टी इस्टेट प्रालिको चिया बगान रहेको क्षेत्र अनुपयुक्त भएको भन्दै मेचीनगरको बाहुनडाँगी र नकलबन्दामा स्थानान्तरणका लागि माग गरे अनुरुप अनुमति दिएको थियो । कानूनी बैधता प्राप्त भएपछि खाली गरिएको ठाउँमा योजनाबद्ध शहर निर्माण गर्ने उद्देश्यले बिर्तामोड आवास प्रालिलाई बिक्री गरियो । जहाँ अहिले बसपार्क लगायत पक्की संरचनाहरु विगत दुई दशकदेखि निर्माण भएका छन् ।**

**पूर्व–पश्चिम महेन्द्र राजमार्गको दुबैतर्फ चिया बगान थियो । बिर्तामोडको तीव्र विकासले शहर क्षेत्र साँघुरो हुँदै गएपछि राजमार्गको दक्षिणतर्फको गिरीबन्धु टी इस्टेटले पनि वातावरणीय प्रभाव लगायतका कारण देखाउँदै सरकारसँग सट्टापट्टा गर्न अनुमित माग्यो । त्यसै अनुसार सो बगान क्षेत्र परिवर्तन गर्न सरकारले अनुमति दियो । सरकारको उक्त निर्णयका बिरुद्ध परेको उजुरीका आधारमा सर्वोच्च अदालतले सट्टापट्टा गर्ने निणर्य बदर गरिदियो । त्यही फैसलाको आधारमा नाज टी इस्टेटको जग्गा पनि प्रभावित भयो र वर्षौंदेखि स्थायी रुपले बसोबास गरिरहेका बासिन्दा पनि प्रभावित भए । एकाउन्न विगाह क्षेत्रका निजी स्वामित्वका झण्डै बाह्र सय कित्ता जग्गा विगत दुई वर्षदेखि रोक्का गरिएको छ । दुई वर्षदेखि रोक्का गरिएका कारण त्यहाँका दश हजार नागरिक प्रत्यक्ष रुपले प्रभावित छन् । जग्गा रोक्का हुँदा स्थानीयले आफ्नो जग्गा राखेर ऋण लिन, व्यवसाय गर्न र किनबेच गर्न पाएका छैनन् ।**

**वर्षौंदेखि उपभोग गर्दै आएको आफ्नो जग्गाको व्यवसायिक र व्यवहारिक उपयोग गर्न नपाउनुमा तत्कालीन सरकार जिम्मेवार हो भने दोषी नै दण्डित हुनुपर्छ । पसिना–रगत बगाएर आर्जन गरेको सर्वसाधारणको सम्पत्तिको सुरक्षा हुनुपर्छ । त्यही पीडाका बीच स्थानीय पीडितले आसन्न निर्वाचनका झापा क्षेत्र नं. २ को सो क्षेत्रमा उम्मेदवारलाई प्रवेश गर्न नदिने घोषणा गरेका छन् । बसपार्कको चारै दिशामा ब्यानर टाँगेर उम्मेदवारहरुलाई प्रवेश तथा चुनावी गतिविधि निषेध गरिएको छ । चुनाव आउन महिना दिन मात्र बाँकी रहेका बेला बसपार्क क्षेत्रका पीडितहरुले प्रकट गरेको आक्रोश रोक्का गरिएको जग्गा फुकुवा गर्न कै लागि हो । यसबीच संघर्ष समिति गठन गरेर समस्या समाधानको उपाय खोजी गरिदिन सबै दलका नेतृत्वसँग हारगुहार पनि गरिएको उनीहरुको भनाइ छ । कांग्रेस, एमाले र सवैधानिक प्रमुखहरुको समेत प्रभाव क्षेत्र मानिने विवाद क्षेत्रको टुंगो लगाउनेतर्फ राज्य पनि गम्भीर हुनुपर्छ । निर्दोष नागरिकले दुःख पाउनु हुँदैन ।**

# भीडको उन्माद र मतको यथार्थ



त्रिलोचन कोइराला



विवाहको दिन बेहुला-बेहुली हेर्न आफन्त, शुभचिन्तक, छिमेकी र पाउनासम्मको ठूलो भिड लाग्छ। त्यो भिड घरको आँगनदेखि गल्ली, चोक र सडकसम्म फैलिन्छ। उत्साह, ताली, कौतुहल र हल्लाले माहोल भरिन्छ। तर, विवाह सकिएपछि आउने परम्परागत 'दुलन फर्काउने' दिन दृश्य फेरिन्छ। त्यो दिन रमाइलो हेर्न आएका हुँदैनन्, जिम्मेवारी बोक्ने सीमित मानिस मात्र साथमा हुन्छन्। यही नेपाली समाजको सामान्य तर गहिरो यथार्थ हो। आजको नेपाली राजनीतिमा पनि यही उपमा अक्षरशः लागू हुन्छ। विशेषतः काठमाडौं महानगरपालिकाका पूर्व मेयर बालेन शाहको उम्मेदवारी, उनको देश यात्रा र त्यसले सिर्जना गरेको भिडको सन्दर्भमा।

बालेन शाह जहाँ-जहाँ पुग्छन्, त्यहाँ भिड देखिन्छ। युवाको ताली, नाराबाजी, मोबाइलका क्यामेरा, सामाजिक सञ्जालका लाइभ र रील सबैले मिलेर एउटा 'लहर'को आभाष दिन्छ। समर्थकहरूले यसलाई जनताको अपार समर्थनको प्रमाण ठान्छन्। तर, राजनीति दृश्यको खेल होइन, परिणामको खेल हो। चुनाव भिडले होइन, मतपेटिकाको गणनाले जितिन्छ। यही बिन्दुमा बालेन शाहको देश यात्रालाई भावनात्मक उत्साहबाट होइन, कठोर राजनीतिक यथार्थबाट मूल्याङ्कन गर्नुपर्छ।

नेपालको चुनावी इतिहास निर्दयी छ। यहाँ पटक-पटक यस्तो भएको छ- सभा भरिभराउ, सडकमा उत्साह, सामाजिक सञ्जालमा ट्रेण्ड तर परिणामको दिन मतगणनामा सन्नाटा। २०६४ को संविधानसभा निर्वाचनमा देखिएको परिवर्तनको उभार, २०७४ मा नयाँ शक्तिको चर्चा, २०७९ मा स्वतन्त्र उम्मेदवारहरूको 'लहर' यी सबैका साझा विशेषता थिए- उत्साह धेरै, संरचना कमजोर। अन्ततः पुरानै शक्ति बलियो भएर फर्कियो। इतिहासले यही भन्छ लहर टिक्दैन, संगठन टिक्छ।

बालेन शाहको राजनीतिक उदय पनि यही विरोधाभाषको बीचमा उभिएको छ। काठमाडौं महानगरको मेयरका रूपमा उनले परम्परागत राजनीतिलाई असहज बनाउने निर्णयहरू गरे। फुटपाथ, नक्सा पास, कर प्रणाली, सार्वजनिक स्थान सबै क्षेत्रमा उनले हस्तक्षेपकारी भूमिका खेले। यसले उनलाई 'स्टाटस को' तोड्ने नेताको छवि दियो। तर राष्ट्रिय राजनीति महानगरको प्रशासनभन्दा धेरै जटिल छ। यहाँ निर्णयभन्दा पहिले संगठन, गठबन्धन र शक्ति सन्तुलन आउँछ।

यहाँ अर्को पात्र प्रवेश गर्छ- केपी शर्मा ओली। नेपाली राजनीतिमा ओलीको नाम केबल पद र कार्यकालसँग सीमित छैन, उनको नामसँग एउटा स्पष्ट राजनीतिक विरासत जोडिएको छ। समर्थक र आलोचक दुबैले स्वीकार गर्नुपर्ने केही ऐतिहासिक तथ्य छन्। २०७२ सालमा संविधान जारी भएलगत्तै भारत-नेपाल सीमा क्षेत्रमा देखिएको अघोषित नाकाबन्दीको समयमा ओलीले लिएको कडा अडानले उनलाई जनस्तरमा फरक उचाइमा पुऱ्यायो।

पेट्रोल, ग्यास र औषधिको अभावले देश आक्रान्त हुँदा पनि उनले 'कुनै पनि दबाबमा राष्ट्रिय स्वाधीनता साटिन्न' भन्ने सन्देश दिए। वैकल्पिक आपूर्ति मार्गको खोजी, चीनसँग पारवहन सम्झौताका पहल र भारत माथिको निर्भरता घटाउने इच्छाशक्तिले ओलीलाई 'नाकाबन्दीका बिरुद्ध उभिएको प्रधानमन्त्री'को छवि दिलायो। यही क्षणबाट उनका लागि राष्ट्रवाद नारा मात्र होइन, राजनीतिक पहिचान बन्यो।

भदौ २३-२४ को जेने-जी आन्दोलनका बेला केपी शर्मा ओली सरकार प्रमुख थिए। बन्द सामाजिक सञ्जाल खोलिनु, सुशासनको स्थापना, भ्रष्टाचार र दण्डहीनताको अन्त्य तथा स्वदेशमै रोजगारीको माग गर्दै माइतीघर मण्डलामा शुरु भएको आन्दोलन प्रारम्भमा शान्तिपूर्ण थियो। तर प्रदर्शन निषेधित क्षेत्र बानेश्वरतर्फ बढ्दा अवस्था तनावग्रस्त र हिंसात्मक बन्दै गयो। भदौ २३ को घटनाक्रममा १९ युवाको ज्यान गएकोले देशमा गहिरो शोक र स्तब्धता फैलियो। यही घटनालाई बहाना बनाउँदै भदौ २४ मा काठमाडौंमा हिंसात्मक गतिविधि फैलियो, जसमा संसद भवन, सिंहदरबार, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्री र नेता निवास, अदालत र प्रहरी कार्यालयहरू, सरकारी तथा पार्टी कार्यालयहरू, व्यापारिक प्रतिष्ठान, मिडिया हाउस र निजी घरहरू सबै निशाना बने। आगजनी, तोडफोड र लुटपाटले आन्दोलनलाई अझ जटिल बनायो। संवेदनशील समयमा सरकार प्रमुख संवाद र समाधानभन्दा बाहिर, राजीनामा बुझाएर सेनाको जहाजमार्फत सुरक्षित स्थानमा जानु राजनीतिक रूपमा कमजोर र विवादास्पद सन्देश बन्यो, जसले नेतृत्वप्रति विश्वासमा गहिरो प्रश्न खडा गऱ्यो र राज्य-युवा सम्बन्धमा दूरी अझ स्पष्ट गरिदियो।

इतिहासमा यस्ता क्षणहरू नेताको विरासत बदल्ने मोड हुन्छन्। २०४६ को आन्दोलनमा दरबार मौन रहँदा राजसंस्थाको नैतिक आधार कमजोर भयो। २०६२/०६३ मा सडकले जित्दा सत्ता केन्द्र चुप लाग्दा पुराना संरचना ढले। भदौ २३-२४ को आन्दोलनले त्यस्तो स्तरको परिवर्तन नल्याए पनि यसले पुस्तालाई स्पष्ट सन्देश दियो- पुराना नेताहरू संकटमा पनि पुरानै शैली दोहोऱ्याउँछन्।

झापा ५ मा केपी शर्मा ओली र बालेन शाहबीचको सम्भावित प्रतिस्पर्धा केबल दुई व्यक्तिको चुनाव होइन, दुई समयको टकराव हो। एकातिर अनुभव, संगठन, इतिहास र चुनाव जित्ने कला बोकेका ओली। अर्कोतिर प्रतिक, असन्तोष र परिवर्तनको चाहना बोकेका बालेन। ओलीलाई थाहा छ चुनाव कसरी जितिन्छ। बालेनलाई थाहा छ भीड कसरी तानिन्छ। प्रश्न यही हो भीड कसरी मतमा बद्लिन्छ ?

बालेन शाहको देश यात्रा अहिले विवाहको दिनको भिड जस्तै छ। मानिस हेर्न आएका छन्- को हो, के बोल्छ, कति फरक छ। ताली बज्छ, फोटो खिचिन्छ, भिडियो बन्छ। तर, यही भिडलाई मतदान केन्द्रसम्म पुऱ्याउने रणनीति अहिलेसम्म स्पष्ट देखिँदैन। नेपालमा चुनाव जित्न संगठन चाहिन्छ। टोल, गाउँ, वडा, कार्यकर्ता, मतदानको दिनको व्यवस्थापन। सामाजिक सञ्जालको समर्थन मतपेटिकामा आफैं खस्दैन।

जेने-जी यहाँ निर्णायक देखिन्छ। यही पुस्ताले बालेनलाई उचाल्यो, यही पुस्ताले ओलीको कमजोरी औँल्यायो। तर यही पुस्ता मतदानमा कति जिम्मेवार हुन्छ ? विगतले देखाएको छ- जेने-जी आन्दोलनमा अग्रपंक्तिमा हुन्छ, तर मतदानमा अनुपस्थित। यदि यो पटक पनि त्यही दोहोरियो भने बालेनको भिड इतिहासमा फोटो र भिडियोका रूपमा मात्र बाँकी रहने छ।

राजनीति अन्ततः जिम्मेवारीको परीक्षा हो। विवाहको दिनको भिडले कथा बनाउँछ, तर दुल्हन फर्काउने दिनको साथले भविष्य तय गर्छ। ओलीले इतिहासमा केही निर्णायक क्षण जिते, तर जेने-जी आन्दोलनको बेला देखिएको पलायन उनको कमजोर अध्याय बन्यो। बालेन आज भिडको बीचमा छन्, तर भोलि त्यो भिड मतमा बद्लिन्छ कि बद्लिँदैन, त्यहीँबाट उनको राजनीतिक मूल्यांकन हुनेछ। आजको प्रश्न कठोर तर अपरिहार्य छ- यो भिड परिवर्तनको बीऊ हो कि फेरि अर्को एक क्षणिक उन्माद ? इतिहास उत्तर कुर्दैन, उसले परिणाम मात्र लेख्छ।

# कम उमेरमै डिमेन्सियाको समस्या




नेपालमा धेरै देखिएको न्यूरोलोजिकल समस्यामा टाउको दुख्ने र ढाड दुख्ने समस्या पर्छन्। धेरै बिरामीहरु यी दुबै समस्याले अस्पतालको ओपिडीसम्म आइपुग्ने गरेका छन्। न्यूरो सर्जिकल समस्यामा भने चोटपटक लागेर अस्पताल आउने बिरामीहरुको संख्या धेरै छ। त्यस्तै दिमागभित्र रक्तस्राव भएर तथा रगतको नशा बन्द भएर आउने बिरामीहरु पनि धेरै छन्। ब्रेन ट्युमर, दिमागमा पानीको नशाहरु बन्द हुने तथा स्पाइनको समस्या पनि पछिल्लो समय बढी देखिएको न्यूरो सर्जिकल समस्या हो।

**मानसिक स्वास्थ्य र मस्तिष्कबीचको सम्बन्ध**

यी दुईबीचको सम्बन्धलाई हार्डवेयर र सफ्टवेयरका रुपमा लिन सकिन्छ। भर्खरै जन्मिएको शिशुको ब्रेन पूर्णरुपमा बनिसकेको हुँदैन। बच्चा ४ वर्षको हुँदासम्म उसको ब्रेनको विकास भइ नै रहेको हुन्छ। मस्तिष्कले पूर्णरुपमा काम गर्नका लागि बच्चा ७ वर्ष भएको हुनुपर्छ। ७ वर्षपछि भने ब्रेनमा रहेका कोषहरुको विकास हुँदैन। दिमागको स्मृति क्षमता तथा तार्किक क्षमता मानिसले आफैंले विकास गर्न सक्ने कुरा भएको मनोचिकित्सकहरु बताउँछन्। बढीभन्दा बढी मात्रामा अभ्यास गरेमा यी क्षमता बढ्दै जाने हुन्।

धुम्रपान, मद्यपान जस्ता स्वास्थ्यका लागि हानिकारण पदार्थहरुको सेवनले दिमागलाई बिग्रार्छ। जसले लामो समयपछि अल्जाइमर जस्ता रोगहरु देखा पर्छन्। मानसिक स्वास्थ्य एक प्रकारको सफ्टवेयर अर्थात् सोच हो। तपाईले आफैंलाई के सोच्नुहुन्छ भने पक्ष मानसिक स्वास्थ्यसँग सम्बन्धित हुन्छ। सामाजिक सञ्जालको बढी मात्रामा प्रयोगले मानसिक स्वास्थ्यलाई राम्रो गर्दैन।

कुनै बिरामीहरुमा एक्कासी पनि स्मरण सम्बन्धी समस्या देखिन सक्छ। पछिल्लो समय खानेकुरामा धेरै मात्रामा विषादीको प्रयोग हुँदा मानसिक स्वास्थ्यलाई बिगारेको छ। जसले स्मरण शक्ति घट्दै गएको छ। नेपालीहरुको औसत आयु बढ्दै जाँदा पनि अल्जाइमर्स रोग बढ्दै गएको हो। रक्तचाप नियन्त्रणमा नभई त्यसका कारण दिमागमा असर पर्दै जानु, ब्रेनलाई असर गर्ने खालका खास प्रकारका औषधिको प्रयोगले पनि स्मरण शक्ति क्षय हुन सक्छ।

**अल्पकालीन तथा दीर्घकालीन स्मृति**

दिमागका नशाहरुले एक-आपसमा टाँसिएर केमिकल बनाउने गर्छन्। मेमोरी धेरै प्रकारका हुन्छन्। सबै प्रकारमा मेमोरी केमिकलका रुपमा ब्रेनभित्र बसेका हुन्छन्। हालसालै गरेका कुरालाई तत्कालै भन्न सक्नु सर्ट टर्म मेमोरी हो। धेरै समय अगाडि भएका कुरालाई पनि शिलशिलाबद्ध रुपमा भन्न सक्नु लंग टर्म मेमोरी हो। दुबै प्रकारका मेमोरीको प्रक्रिया एउटै हो। मेमोरी पावर बढाउनका लागि कुनै पनि कुरामा ध्यान दिन आवश्यक हुन्छ। त्यसपछि उक्त कुरालाई रजिष्ट्रेशन गरी दिमागको कुन स्थानमा बस्ने क्याटलक गराउन आवश्यक छ। जसलाई बेलाबेलामा रिकल गराउनुपर्छ। यस्तो गर्न सकेमा मात्रै बेलाबेला ती कुरालाई निकाल्न सकिन्छ। रजिष्ट्रेशनदेखि रिकलसम्मको प्रक्रिया नै मेमोरी हो। दिमागको निश्चित भागहरुले लंग टर्म मेमोरीमा काम गर्छ। मानिसहरुको मेमोरी लंग टर्म र सर्ट टर्म दुबै एकैपटक गएको देखिँदैन। मानिसहरुमा एकै पटक दुबै प्रकारका मेमोरी हट्दैन। त्यसकारण ब्रेनका विभिन्न समस्याको उपचारका क्रममा यी दुबै प्रक्रियाले सहयोग गर्छ।

**डिमेन्सिया किन कम उमेरमा नै ?**

पछिल्लो समय अल्जाइमर शब्दको प्रयोग व्यापक रुपमा हुँदै आएको छ। वैज्ञानिक भाषामा भन्नुपर्दा यसलाई डिमेन्सिया भन्ने गरिन्छ। स्ट्रोकको समस्याका कारण डिमेन्सियाका बिरामीहरु बढ्दै गएका छन्। यसले बिरामीको मेमोरी हराउन सक्छ। एमआरआई गर्दा बिरामीमा कुनै प्रकारको रोग नदेखिएपनि वा कुनै प्रकारको ब्रेन ड्यामेजको समस्यामा अल्जाइमर्स हुन सक्छ भन्ने शंका गर्न सकिन्छ।

हालसम्म पनि अल्जाइमर्स रोगको यकिन गर्नका लागि कुनै पनि प्रकारको परीक्षण हुँदैन। मानिसको मृत्युपछि ब्रेनको बायोप्सी गरेर मात्रै अल्जाइमर्स भएको पत्ता लगाउन सकिन्छ। क्लिनिकल परीक्षणको आधारमा अल्जाइमर्सको औषधि दिने गरिन्छ। पछिल्लो समय स्वस्थकर जीवनशैलीका व्यवहारहरुको पालना नहुँदा कम उमेरमा नै अल्जाइमर्सको समस्या देखिन थालेको छ।

**सर्जरीपछि बद्लिन सक्छ बिरामीको व्यवहार**

मस्तिष्क सर्जरीपछि बिरामीको व्यवहार बदलिन्छ भन्ने त्रास धेरै मानिसहरुमा हुन्छ। बिरामीको सर्जरीभन्दा पनि रोगले बिरामीलाई बिगारेको हुन्छ। ब्रेन ट्युमरको शल्यक्रियाका क्रममा हामीले गिद्धीलाई समेत छोएका हुन्छौं। सर्जरीका क्रममा दिमागभित्र पुऱ्याइने तारले पनि बिरामीको व्यवहारलाई परिवर्तन गर्न सक्छ। नेपालमा गरिने ब्रेन सम्बन्धी सर्जरीकै कारणले बिरामीको व्यवहार परिवर्तन भने हुँदैन।

यसका लागि सबैभन्दा पहिलो कुरा भनेको मेमोरीको प्रक्रियालाई सिक्न आवश्यक छ। त्यसका लागि गर्न लागिएको कुरालाई प्राथमिकतामा राख्नुपर्छ। आजभोलि मान्छेको दिमागले धेरै प्रकारको काम गर्छ भन्ने भ्रम रहेको पाइन्छ, तर त्यो होइन। हामी धेरै प्रकारका काम गर्छौं, कुनै काममा ध्यान नदिँदा त्यसलाई सम्झन सकिँदैन। मेमोरी बढाउनका लागि सबैभन्दा पहिलो कुरा गरिएको कामलाई प्राथमिकता दिन सक्नुपर्छ। त्यस्तै ती कुरालाई क्याटलक पनि गर्न जरुरी छ। दैनिक रुपमा गरिएका कामलाई राती सुत्ने बेलामा सम्झिएमा दिमागले त्यसलाई आफैं क्याटलक गरिदिन्छ।

**तनाव र अनिद्राको मस्तिष्कमा पर्न सक्छ असर**

तनाव र निन्द्राले मस्तिष्कमा एकदमै नराम्रो असर पर्छ। तनाव व्यवस्थापन तथा गहिरो निन्द्राले मानसिक स्वास्थ्यलाई राम्रो बनाउन सक्छ। मानिसको धैर्य गर्ने क्षमता कम हुँदै जानु तथा प्रत्येक कुरामा रियाक्ट गर्ने परिपाटीले तनाव बढ्दै गएको छ। विभिन्न प्रकार ध्यानले मानिसको दिमागलाई शान्त बनाउन सक्छ। सामाजिक सञ्जाल बढी चलाउनुको भन्दा आफन्त तथा साथीभाइसँग कुराकानीमा समय बिलाउँदा पनि तनावलाई कम गर्न सकिन्छ। स्लिप हाइजिनको पालना गर्न सकेमा त्यसले मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन गर्न सक्छ। सकेसम्म निन्द्राको लागि एउटै समय पालना गर्न सके स्लिप हाइजिनको पालना गर्न सकिन्छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** आजबाट स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानाले मन चंगा रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पती, पत्नीबीच विशेष योजनाबारे सल्लाह हुन सक्छ, सन्तान पक्षबाट शुख मिल्नेछ, स्वास्थ्य बिग्रने योग छ सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा रमाइलो माहौला रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभदायक योग छ, अचानक धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** दिन मध्यम छ, मनमा खटपटी पैदा हुनेछ धैर्य गर्नुहोला, गरेका काममा भने सफलता मिल्नेछ, खानपानको निमन्त्रणा आउने छ, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन छ, बोलिको भरमा काम बन्नेछ त्यसैले बोल्दा विचार पुऱ्याउनुहोला, ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** दिन रमाइलोसँग बित्नेछ, अनावश्यक खर्च हुनेछ, नयाँ अवसरको बाटो खुल्नेछ, पेट सम्बन्धी समस्याले सताउनेछ ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

मिति २०८२/१०/२० मंगलबारको सुनचाँदी मूल्य

| | |
|---|---|
| छापावाला सुन प्रति तोला | रु. २,९०,८००/- |
| चाँदी प्रति तोला | रु. ५,३,८५।- |

# सुन्तलाका बोट सुक्दै गएपछि किसान समस्यामा

**भोजपुर, माघ २०।** भोजपुरमा सुन्तलाका बोट सुक्न थालेपछि किसान समस्यामा परेका छन् ।

सुन्तलामा देखिएका विभिन्न रोगका कारण बगान नै सखाप हुने अवस्था आएपछि किसानको जीविकोपार्जनमै सङ्कट उत्पन्न भएको छ । लामो समयदेखि मेहनत गरेर हुर्काइएका बोट सुक्न थालेपछि किसान चिन्तित बनेका हुन् ।

भोजपुर नगरपालिका-६ का स्थानीयबासी किसान सोबित आछामेका अनुसार सुन्तलामा ऐँजरु पलाउने, हाँगा सुक्ने, फल नलाग्ने, फल झर्ने तथा पात पहेँलो हुँदै अन्ततः बोट नै सुक्ने समस्या देखिन थालेको छ । यी समस्याका कारण उत्पादन घट्दै गएको र कतिपय स्थानमा बगान पुरै नष्ट हुने अवस्थामा पुगेको उनीहरूको भनाइ छ ।

प्राविधिक सहयोगको कमी र समयमै उपचार नपाउँदा समस्या झनै बढ्दै गएको किसानको गुनासो छ । बगान नै सुक्न थालेपछि बाध्य भएर सुन्तलाका बोट काटेर फाल्नुपरेको भोजपुर-६ का किसान आछामेले बताए । 'राज्यका सम्बन्धित निकायले सुन्तलामा देखिएको रोगको पहिचान गरी समाधानका लागि तत्काल पहल गर्नुपर्छ' -उनले भने- 'बोट सुकेर बगाननै सखाप भएपछि किसान अत्यन्तै चिन्तामा परेका छन् ।'

भोजपुरमा उत्पादन भएको सुन्तलाले किसानको आयआर्जनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । तर पछिल्लो समय रोग र व्यवस्थापनको समस्याले सुन्तला खेती सङ्कटमा पर्दै गएपछि किसान चिन्तित बनेका छन् । किसानले सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै सुन्तला खेती जोगाउन दीर्घकालीन योजनाको माग गरेका छन् ।

# ग्लोरी स्कूलको वार्षिकोत्सव



**बिर्तावजार, माघ २०।** बिर्तामोड नगरपालिका-४ मा रहेको ग्लोरी अंग्रेजी माध्यमिक विद्यालयको ३१औं वार्षिकोत्सव विविध सांस्कृतिक कार्यक्रम गर्दै सम्पन्न भएको छ ।

वार्षिकोत्सवको अवसर पारेर विद्यालयमा अध्ययन गरी २०७२ सालको एसएलसी परीक्षा उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनको क्रममा विज्ञान संकाय अन्तर्गत एमबिबिएस उत्तीर्ण गरी डाक्टर बन्न सफल अभिलाषा लिङ्देनलाई दोसल्ला तथा प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो ।

सोही अवसरमा आव २०८०/०८१ को एसइई परीक्षामा उत्कृष्ट अङ्क ल्याउने छात्रछात्रालाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरूमा साइमन बस्नेत, सरु मगर, एमडी अब्बास, नवीन गौतम, दीपिका अधिकारी तथा उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक दुर्गा अधिकारी, सपना गुरुङ र विद्यालय सहयोगी प्रेम न्यौपानेलाई नगद तथा प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको थियो ।

विद्यालय संस्थापक तथा प्रधानाध्यापक इन्द्रदेव केरुङको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि झापा प्याब्सनका अध्यक्ष छत्रबहादुर कार्कीले गरेका थिए ।

कार्यक्रममा झापा प्याब्सनका वरिष्ठ उपाध्यक्ष तथा बुद्ध स्मृति फाउन्डेशनका प्रधानाध्यापक हरिकृष्ण पाठक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष  गोपाल काफ्ले, विराट ज्योति माविका प्रिन्सिपल गणेश ओली, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष चन्द्र सुवेदी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

ग्लोरी माविका इन्चार्ज सुशीलकुमार राई तथा समावेशी छात्रछात्राहरूको समूहले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक पुण्यप्रसाद सुवेदीले गरेका थिए ।

# इनड्राइभले यात्रु सुरक्षालाई प्राथमिकतामा राख्यो

**झापा, माघ २०।** प्रमुख शहरी क्षेत्रहरूमा राइड-हेलिङ सेवाको प्रयोग तीव्रगतिमा बढ्दै गएको सन्दर्भमा विश्वव्यापी मोबिलिटी तथा अर्बन सेवा प्लेटफर्म इनड्राइभले यात्रु सुरक्षाप्रतिको आफ्नो प्रतिबद्धतालाई थप मजबुत बनाएको छ ।

प्रयोगकर्तालाई केन्द्रमा राख्ने आफ्नो मूल सिद्धान्त छनोटको स्वतन्त्रतालाई निरन्तर कायम राख्दै, इनड्राइभले इन-एप सुरक्षा सुविधाहरू र निरन्तर जनचेतना मूलक पहल मार्फत यात्रुहरूलाई सुरक्षित, विश्वसनीय र सूचित यात्राका लागि आवश्यक मार्गदर्शन प्रदान गर्दै आएको छ ।

इनड्राइभका सुरक्षा उपायहरू यात्रा अघि, यात्राका क्रममा र यात्रा सम्पन्न भएपछि समेत लागू हुने गरी डिजाइन गरिएको बताइएको छ । जसले प्रयोगकर्तालाई प्रत्येक चरणमा सचेत निर्णय लिन सक्षम बनाउँदै यात्रालाई थप पारदर्शी र सुरक्षित बनाउँछ ।

**यात्राअघि सुरक्षा**

यात्रा शुरु गर्नुअघि इनड्राइभले प्रयोगकर्ताहरूलाई एपभित्र उपलब्ध चालक सम्बन्धी विवरण चालकको नाम, फोटो, सवारीसाधनको विवरण तथा नम्बर प्लेट-सावधानीपूर्वक समीक्षा गर्न प्रोत्साहित गर्छ । यसका साथै, यात्रुहरूले आफ्ना यात्रा विवरणहरू परिवारका सदस्य वा विश्वसनीय व्यक्तिसँग सेयर गर्न सक्ने सुविधा पनि उपलब्ध छ, जसले तेस्रो पक्षलाई रियल-टाइममा यात्राको अवस्थाबारे जानकारी दिन मद्दत गर्छ । यी सुविधाहरूले यात्रुहरूलाई आफ्नो यात्राको योजना बनाउँदा सुरक्षित र स्वतन्त्र छनोट गर्न सशक्त बनाउँछन् ।

**यात्राका क्रममा सुरक्षा**

यात्राका क्रममा, इनड्राइभको लाइभ लोकेशन ट्र्याकिङ सुविधामार्फत यात्रुहरूले आफ्नो अवस्थाबारे निरन्तर जानकारी सेयर गर्न सक्छन्, जसले पारदर्शिता र विश्वास कायम राख्न सहयोग पुऱ्याउँछ ।

प्रयोगकर्ताको गोपनीयतालाई उच्च प्राथमिकता दिँदै, इनड्राइभले मास्क्ड कल फिचर उपलब्ध गराएको छ, जसले यात्रु र चालकबीच व्यक्तिगत फोन नम्बर नखुलाइकन सुरक्षित सम्पर्क सम्भव बनाउँछ । कुनै असहज अवस्था वा आपतकालीन परिस्थितिमा, इन-एप एसओएस बटन प्रयोग गरी तुरुन्त सहयोग लिन सकिने व्यवस्था गरिएको छ, जसले यात्रुहरूलाई आफ्नो यात्रामाथि थप नियन्त्रण र सुरक्षा प्रदान गर्छ ।

**यात्रापछि सुरक्षा**

यात्रा सम्पन्न भएपछि प्रयोगकर्ताहरूलाई चालकलाई रेटिङ दिन र प्रतिक्रिया साझा गर्न प्रोत्साहन गरिन्छ । इनड्राइभको रिपोर्टिङ तथा फिडब्याक प्रणालीमार्फत प्रयोगकर्ताहरूले आफ्नो अनुभव, गुनासो वा सुझाव सहजै दर्ता गर्न सक्छन् । यसले सेवा सुधार, उत्तरदायित्व अभिवृद्धि तथा यात्रु र चालक दुवैका लागि सुरक्षित र जिम्मेवार समुदाय निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ ।

इनड्राइभ नेपालकी कन्ट्री रिप्रेजेन्टेटिभ रीता पोखरेलले नेपालको शहरी मोबिलिटी इकोसिस्टम तीव्ररूपमा विकसित हुँदै गएको अवस्थामा सुरक्षा र छनोटको स्वतन्त्रता एक-अर्काका पूरक तत्व भएको बताइन् ।

# व्यावसायिक तरकारी खेतीमा रमाउँदै श्यामशिलाका किसान



**भोजपुर, माघ २०।** भोजपुरको पौवादुङमा गाउँपालिका-१, श्यामशिला चाँपेका किसानहरु सिँचाइ सुविधा विस्तार भएसँगै व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित भएका छन् ।

गाउँमा सिँचाइ पोखरी निर्माण भएर एकैसाथ २१ घरपरिवारलाई सिँचाइको पहुँच पुगेपछि किसानहरुमा उत्साह थपिएको हो । विगतमा पानीको अभावले परम्परागत खेतीमा सीमित स्थानीय किसानहरु अहिले बन्दाकोभी, काउली, मटरकोसा, लसुन, मूला र आलु जस्ता नगदेबाली उत्पादनमा जुटेका छन् ।

स्थानीय किसान भरतबहादुर कार्कीले सिँचाइ सुविधा भएपछि आफूले तीन रोपनीमा व्यावसायिक तरकारी खेती शुरु गरेको बताए । पानीको अभाव हट्दा खेती गर्न निकै सहज भएको र यसले आम्दानीको बाटो खोलेको उनको भनाइ छ ।

प्रदेश सरकारको क्रमागत बजेटबाट प्राप्त ३० लाख रुपैयाँ खर्चेर तीनवटा ठूला सिँचाइ पोखरी निर्माण गरिएपछि यस क्षेत्रको सिँचाइ समस्या समाधान भएको हो । वडाध्यक्ष राजेन्द्र राईका अनुसार तरकारी उत्पादनका लागि यो क्षेत्र उपयुक्त भए पनि पानीको समस्याले किसानहरु पछि परेका थिए, जुन अहिले हटेको छ ।

त्यसैगरी गाउँपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर 'एक घर, एक टनेल' कार्यक्रम र सिँचाइ पोखरी निर्माणलाई तीव्र बनाएको छ । गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले सडक सञ्जालको पहुँच पुगिसकेकाले यहाँ उत्पादित तरकारी बिक्री गर्न बजारको समस्या नभएको उल्लेख गरिन् ।

गाउँपालिका अध्यक्ष किरण राईले किसानलाई आत्मनिर्भर बनाउन भूगोल र माटो सुहाउँदो जैविक खेतीमा जोड दिएको बताए । किसानले उत्पादन गरेका सामग्री सहजै बजारसम्म पुऱ्याउन गाउँपालिकाले 'कृषि एम्बुलेन्स' सेवा समेत सञ्चालनमा ल्याएको छ । गाउँपालिकाको प्राविधिक सहयोग र अनुदान कार्यक्रमले स्थानीय युवा तथा किसानलाई व्यावसायिक कृषिमा टिक्न थप प्रोत्साहन मिलेको छ ।

# गुनासो गीत संग्रह सार्वजनिक

**मोरङ, माघ २०।** बेलबारीका स्रष्टा प्रकाश भट्टराईको गीत सग्रह 'गुनासो' सार्वजनिक भएको छ ।

कोसी साहित्य-कला परिषद् नेपालको आयोजनामा बेलबारीमा आयोजित एक कार्यक्रमका बीच उक्त कृति सार्वजनिक भएको हो ।

प्राज्ञ गङ्गा सुवेदी प्रमुख अतिथि रहेको कार्यक्रममा वरिष्ठ साहित्यकार हर्कमान तामाङ, सुन्दरहरैँचा कला साहित्य विकास समितिका अध्यक्ष डा. दीपकप्रसाद न्यौपाने, बेलबारी साहित्य विकास समितिका अध्यक्ष रमेश निरौला, झोराहाट नाट्य समूहका अध्यक्ष भरत बर्बरिक, नेपाली साहित्य समाज उर्लाबारीका अध्यक्ष यज्ञ परिश्रमी, मिक्लाजुङ साहित्य समाजका अध्यक्ष इन्द्रप्रसाद घिमिरे, आम्लाबुङ साहित्य समाजका अध्यक्ष धनजित पराजुली, रङ्गेली साहित्य कला समाजका अध्यक्ष चिरञ्जीवी काफ्ले लगायतको उपस्थिति रहेको थियो ।

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| धर्म लाल गिरी | गौरीगञ्ज-४ | २१<br>२३२ | २३५०.००<br>३४०.०० | सोहबु गिरी/साहावु गिरी |
| जमुना चिमरिया | घैलाडुब्बा-५ | १५३ | ०-०-१५ | बर्तन राजवंशी/रतन राजबंशी |
| गंगा माया माझी | शिवगञ्ज-७ | ८४०८ | ०-०-१० | पदमलाल शिवाकोटी |
| हेमकुमार लिम्बू | बाहुडाँगी-९ | ३६७ | १-०-० | विरबहादुर तामाङ्ग/बिर बहादुर बल तामङ्ग |
| रेनुका राजवंशी | घेराबारी-६ | २२७२ | ४३९५.०० | सगन सतार/समय सतार |
| कर्णबहादुर राजवंशी | बनियानी-२ | ३७० | ७४४९.८९ | यादगा राजवंशी |
| दाताराम भट्टराई | महेशपुर-५ | ११८४ | १-०-० | करकेरु राजबंशी/जितनलाल राजबंशी |
| भवकलाल सिंह राजवंशी | राजगढ-६ | ४११६ | ९०५.७६ | सरण लाल |
| मातल मुर्मु सतार | बैगुनधुरा-९ | ११२० | ४७८.८४ | प्रधान सतार |
| मिना आचार्य | बाहुनडाँगी-१ | ३२८३ | ०-१-० | मधुराम आले मगर |
| प्रफुल्ल राजवंशी | राजगढ-४ | २०२७ | ९८३.७० | चन्कु/चनकु सतार/धनु सतार |
| लक्ष्मीदेवी पौडेल | पथरी-८ | १३०५ | ६९०.०० | शिवलाल राजवंशी |
| लेखनाथ भण्डारी | दमक-८ | ३७३ | ०-१०-० | भक्तबहादुर तामाङ्ग |

## बिमालेख हरायो

अर्जुनधाराबाट बिर्तामोड जाने क्रममा यही मिति २०८२/०९/१६ गते मेरो निम्न व्यहोराको एल आई सी कम्पनी को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- सोटीलाल राजवंशी
ठेगाना:- अर्जुनधारा, झापा
पोलेसी नं.:- २०००२९८८९
कम्पनी नाम: एलआईसी


वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा

हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।

सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।

सम्पर्क:
९८४२६३४८७४,
९८१६०४९८७६,
०२३–५३५९७३
बिर्तामोड, झापा
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।

सम्पर्क: ९८०१४०१३००,
९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।

कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'

दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।

कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३–५३२८४५)

मार्बल शिलालेख

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ

सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड–४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

UPVC झ्याल ढोका

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।

सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।

सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)